विज्ञबाट मुचुल्का उठाएर राख्नुपर्नेमा त्यसो नगरेको भेटिएको र सम्झौतामा औषधिको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनी उल्लेख भएअनुसार औषधि भए/नभएको यकिन नभएको देखिएको छ।

यतिमात्र होइन पालिकाले निःशुल्क रुपमा वितरण गर्ने औषधिमा पनि लोगो राखी वितरण गर्नुपर्नेमा लोगो नराखीकनै औषधि वितरण गरेको पाइएको छ। सार्वजानिक खरिद नियमावली-२०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपियाँसम्मको औषधिजन्य मालसामान उत्पादकले अनुदानबाट ४२ लाख ८० हजार ४ सय ६१ रुपियाँको औषधि खरिद गरेकोमा १९ लाख २८ हजार ६ सय ४ रुपियाँको शिलबन्दी दरभाउपत्रको माध्यमबाट २३ लाख ५१ हजार ८ सय ७५ रुपियाँको सोझै विभिन्न सप्लायर्ससँग खरिद गरेको छ। मादी गाउँपालिकाको बजेट र सर्सत अनुदानबाट १० लाख रुपियाँको औषधि खरिद गरेको छ। रुपा गाउँपालिकाले चिराग सप्लायर्स पोखराबाट १० लाख ५३ हजार ८ सय ७७ रुपियाँ ८१ पैसा बराबरको औषधि बोलपत्रको माध्यमबाट खरिद गरेको छ।

ने नभएको अवस्थामा समेत खाना, खाजामा खर्चमा रकम भुक्तानी भएको भेटिएको छ।

लेकसिटी अस्पताल, पद्म नर्सिङ होम र रेशम खेती गरी ३ स्थानमा क्वारेन्टिन सञ्चालन भएबाट २०७७ पुस मसान्तसम्म मात्रै संक्रमित रहेको देखिएको छ। तर, २०७७ माघ १ गतेदेखि क्वारेन्टिनमा संक्रमित नभएको अवस्थामा समेत सेना, प्रहरी तथ कर्मचारीको खाना-खाजा खर्चमा ६ लाख १० हजार ३ सय ६ रुपियाँ खर्च गरेको प्रतिवेदनमा उल्लेख छ।

# ट्विटरले खर्च गर्‍यो ३३ मिलियन डलर

न्युयोर्क, (एजेन्सी)

ट्विटरले अप्रिल र जुनको बीचमा सामाजिक सञ्जाल किन्ने एलन मस्कको प्रस्तावित सम्झौतामा ३३ मिलियन डलर खर्च गरेको जनाएको छ। टेस्ला मालिक मस्कले हालसालै ट्विटरसँगको सम्झौता परिवर्तन गर्ने इच्छा देखाएका थिए।

तर, ट्विटर पूर्ववत् सम्झौताअनुसार अगाडि बढ्न चाहन्छ। तसर्थ, दुई पक्षबीच मतभेद बढ्दा यो विषय अदालतसम्म पुगेको छ। सन् २०२२ को अप्रिलदेखि जुनसम्म सक्रिय प्रयोगकर्ताको संख्या २ सय ३७ मिलियन पुगेको तर २ सय ७० मिलियन नै कुल घाटा भएको कम्पनील` जनाएको छ। मस्क सम्झौताबाट पछि हट्दा १ अर्ब डलर टर्मिनेसन शुल्कको जोखिम रहेको बीबीसीले जनाएको छ।

फर्मले स्पाम र नक्कली खाताहरुको विषयमा आफ्नो अडान कायमै राखेको छ। सोही विषयलाई लिएर मस्क सम्झौताबाट भागेका थिए।

# आबेको अन्त्यष्टिमा पुटिनलाई नबोलाइने

किभ, (एजेन्सी)

जापानको फुमियो किसिदा सरकारले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई पूर्वप्रधानमन्त्री सिन्जो आवेको राजकीय अन्त्येष्टिमा सहभागी नगराउने भएको छ।

रुसले युक्रेनमा आक्रमण गरेपछि जापानले पुटिनलाई प्रतिबन्ध लगाएको थियो। तसर्थ, पुटिनले आवेको अन्तिम संस्कारमा भाग लिने निर्णय गरे पनि उनलाई अनुमति नदिइने जापानी सञ्चारमाध्यमहरुले जनाएका छन्। हत्यापछि आवेको पारिवारिक अन्त्येष्टि सम्पन्न भइसकेका छ । तर, सरकारले सेप्टेम्बर २७ (साउन ११ गते) मा सार्वजनिक र अन्य विशिष्ट व्यक्तिहरुको उपस्थितिमा औपचारिक राजकीय अन्त्येष्टि आयोजना गर्ने निर्णय गरेको छ।

कार्यक्रम मध्य टोकियोको निप्पोन बुडोकानमा हुने जनाइएको छ। सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टी (एलडीपी)ले विश्वभरका सबै ठूला राजनीतिक नेताहरुलाई निमन्त्रणा दिने अपेक्षा गरिएको छ। रुस-युक्रेन युद्धपछि जापान युक्रेनको पक्षमा उभिएको थियो।

अ हि ल` स म म टोकियोले मस्कोमाथि प्रतिबन्ध लगाउँदै युक्रेनलाई सैन्य हतियार उपलब्ध गराएको छ।


नेपाल सरकार

उर्जा, जलश्रोत तथा सिंचाइ मंत्रालय

जलश्रोत तथा सिंचाइ विभाग

## सुनसरी मोरंग सिंचाइ आयोजना

**विराटनगर**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९।०४।०९

यस आयोजनाबाट मिति २०७८।११।३० को नेपाल समाचारपत्र दैनिक तथा सर्बाजनिक खरिद अनुगमनको कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको सुचना बमोजिम ठेक्का नं SMIP-05/NCB/078-79 बमोजिमको कार्यको लागि बोलपत्रदाता श्री रौताहा-आशिर्वाद-रेग्मी जे.भि., त्रियुगा नगरपालिका २, उदयपुरको रु.६,२७,०५,३७१।६७ (मु.अ.कर समेत) को बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ।

**आयोजना निर्देशक**